**कार्यपालिका बैठक संख्या नं. ४७**　　**स्थानः नगरपालिका भवन**　　**मिति २०८२/०२/१० गते**

**समयः दिउँसो ११:०० बजे (शनिवार)**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. Dumping Site को प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको ToR स्वीकृत सम्बन्धमा।
४. श्रोत अनुमान तथा सीमा निर्धारण समितिको निर्णय माथि छलफल सम्बन्धमा।
५. महालेखा परीक्षकको आर्थिक वर्ष २०८०/८१ को प्रतिवेदन सम्बन्धमा।
६. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
७. माध्यमिक तहका विद्यालयमा इ हाजिरी जडान गर्ने सम्बन्धमा।
८. स्यानीटरी प्याड खरिद शीर्षकको बचत रकमबाट अन्य सामग्री खरिद गर्ने सम्बन्धमा।
९. भुक्तानी फरफारक सम्बन्धमा।
१०. अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा।
११. खेल प्रशिक्षकको पारिश्रमिक र सेवा सुविधा तोक्ने सम्बन्धमा।
१२. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिकाको ४३ औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो।

(१) बसपार्क व्यवस्थापन कार्यविधि, २०८२

(२) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

(३) जग्गा खण्डीकरण/प्लटिङ्ग अनुमती तथा सिफारिश सम्बन्धी कार्यविधि, २०८२

**निर्णय नं. ३**

शारदा नगरपालिका वार्ड नं. ३ मा रहेको यस नगरपालिकाको फोहरमैला व्यवस्थापन केन्द्रको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक संक्षिप्त कार्यसूची (ToR) स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

नगर प्रमुख श्री प्रकाश भण्डारीको संयोजकत्वमा गठित श्रोत अनुमान तथा सीमा निर्धारण समितिले अध्ययन गरी पेश गरेको यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेटको अनुमान तथा सीमा निर्धारण सम्बन्धी प्रतिवेदनमा छलफल भई तपसील अनुसारको विषयगत शाखा, योजना तथा कार्यक्रमलाई बजेट सिलिङ्ग उपलब्ध गराउने निर्णय गरियो।

(क) श्रोत अनुमान तथा प्रक्षेपण

| सि न | बजेट श्रोत | प्राप्त बजेट सीमा (रु हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | समानीकरण अनुदान – नेपाल सरकार | ११,६६,०० | |
| २ | राजश्व बाँडफाँड - नेपाल सरकार | ११,१५,५२ | |
| ३ | सशर्त अनुदान - नेपाल सरकार | | |
| ४ | समपुरक अनुदान - नेपाल सरकार | १,५०,०० | |
| ५ | विशेष अनुदान - नेपाल सरकार | १,५०,०० | |
| ६ | समानीकरण अनुदान – प्रदेश सरकार | १,५४,४६ | |
| ७ | राजश्व बाँडफाँड- प्रदेश सरकार | ३५,४६ | |
| ८ | सशर्त अनुदान - प्रदेश सरकार | | |
| ९ | समपुरक अनुदान - प्रदेश सरकार | १,५०,०० | |
| १० | विशेष अनुदान - प्रदेश सरकार | ६०,०० | |
| ११ | आन्तरिक आय तथा बैंक मौज्दात | ३,००,००० | |
| | **जम्मा** | **२६,१०,४६** | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ १० गते**

(ख) बजेट खर्च सीमा निर्धारण

| सि न | खर्च शीर्षक | खर्च सीमा (रु हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | समपुरक योजना तथा कार्यक्रम | ६,००,०० | |
| २ | क्रमागत योजनाहरु | ५०,०० | |
| ३ | कार्यालय सञ्चालन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह | ११,५०,९८ | |
| ४ | भुक्तानी बाँकी योजना तथा कार्यक्रम | ३०,०० | |
| **५** | **विषयगत शाखा तथा कार्यक्रमहरु** | | |
| ५.१ | शिक्षा | २,००,००० | |
| ५.२ | स्वास्थ्य (पोषण समेत) | १,००,००० | |
| ५.३ | खानेपानी तथा फोहरमैला व्यवस्थापन | ३०,००० | |
| ५.४ | कृषि विकास | ३०,००० | |
| ५.५ | पशुपंछी विकास | ३०,००० | |
| ५.६ | महिला बालबालिका तथा जेष्ठ नागरिक | १५,००० | |
| ५.७ | उद्यम विकास | १०,००० | |
| ५.८ | सहकारी | १०,००० | |
| ५.९ | न्यायिक समिति | १०,००० | |
| ५.१० | योजना तथा पूर्वाधार विकास | १,००,००० | |
| ५.११ | सूचना प्रविधि | २५,००० | |
| ५.१२ | प्रशासनिक भवनको फर्निचर, फिक्सिङ्ग तथा फिनिसिङ्ग | ५०,००० | |
| ५.१३ | अध्ययन, अनुसन्धान तथा परामर्श | ४०,००० | |
| ५.१४ | वन वातावरण तथा विपद् व्यवस्थापन | ३०,००० | |
| ५.१५ | सवारी साधन खरिद | ५०,००० | |
| ५.१६ | विपन्न नागरिक टिनको पाता खरिद | ५०,००० | |
| **६** | **वडागत विनियोजन** | **रु ३,००,०००** | |
| ६.१ | प्रति वडा | रु (१५+५) रु २०,००० | |
| | **जम्मा** | **२९,२०,९८** | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ १० गते**

**निर्णय नं. ५**

महालेखा परीक्षकको कार्यालयबाट प्राप्त यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अन्तिम प्रतिवेदन उपर छलफल भई यसमा उल्लेख भएका बेरुजुका विषयहरुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम अर्थ तथा सार्वजनिक लेखा समितिमा छलफलका लागि पठाउने र सो प्रतिवेदनमा उल्लेख भएका बेरुजुका सम्बन्धमा अध्ययन गरी आगामी कार्यपालिका तथा नगर सभाको बैठकमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

शारदा नगरपालिका नगर शिक्षा समितिको मिति २०८१ कार्तिक देखि २०८२ जेष्ठ १० गते सम्मको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

यस नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा इ हाजिरी जडान भईसकेकोले मातहत रहेका माध्यमिक तह सम्मका विद्यालयमा यसै आर्थिक वर्षमा इ हाजिरी जडान गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

नेपाल सरकार वित्तीय हस्तान्तरण सशर्त अनुदान तर्फको विद्यालयमा अध्ययनरत छात्राहरुका लागि स्यानीटरी प्याड खरिद कार्यक्रमबाट स्यानीटरी प्याड खरिद गरी बचत हुन आएको रकमबाट विद्यालयहरुका लागि स्यानीटरी प्याड डिस्पोजल मेशीन र भेण्डर मेशीन खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

यस आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको फरफारक (खर्च तथा भुक्तानी) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२ङ) बमोजिमअनुमोदन गर्ने निर्णय गरियो। जसमा चालु तर्फ रु. ३०,६१,०७,२२२।७० (६०.०४ प्रतिशत) पूँजीगत तर्फ रु. ८,१९,६३,७४३।०० (४७.८८ प्रतिशत) र समग्रमा ३८,८०,७०,९६५।७०(५६.९८ प्रतिशत) रहेको छ।

**निर्णय नं. १०**

शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको हालसम्मको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

विद्यालयमा खेलकुद क्रियाकलापलाई नियमित बनाउन हालैमात्र नियुक्त गरिएका खेल प्रशिक्षकलाई मासिक रु २०,०००/- (अक्षेरुपी बीस हजार मात्र) र मासिक रुपमा १० लिटर इन्धन उपलब्ध गराउने निर्णय गरियो। ईन्धन सुबिधा विद्यालय सञ्चालन नभएको महिनामा पाइने छैन।

**निर्णय नं. १२**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका वार्ड नं. ९ को च. न. ३७२ मिति २०८१/१२/३१ को पत्र बमोजिम त्यस वडाका विभिन्न वडामा विद्युत लाइन विस्तार गर्न विद्युत पोल उपलब्ध गराउने भनी माग भई आएकोले नगरपालिकासंग भण्डार रहेको विद्युत पोल मध्यबाट २६ चौबिस थान उपलब्ध गराउनुका साथै श्रीनगर बसपार्कमा सोलार बत्ती जडान गर्न वार्ड नं. १ को सिफारिश अनुसार १० दस थान उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १३**

विविध विषयमा तपसीलको निर्णय गरियो।

(क) विभिन्न कार्यक्रमका लागि निमन्त्रणा भई भाग लिन जानु भएका नगर प्रमुख श्री प्रकाश भण्डारीको सुर्खेत तथा काठमाण्डौंको भ्रमण गर्दाको खर्च अनुमोदन गर्ने।

(ख) माथि निर्णय नं. ४ मा उल्लेखित विषयगत शाखा र वडागत बजेट खर्च सिलिङ्ग अनुसारको कार्यक्रम निर्माण गरी मिति २०८२ जेष्ठ २० गते भित्र अनिवार्य रुपमा नगर कार्यपालिकाको कार्यालय, योजना शाखामा पेश गर्ने। यसरी योजना तथा कार्यक्रम बनाउँदा वडा कार्यालयको रु २० लाख बराबरको सिलङ्गबाट रु ५ लाख बराबरको पालिकाको डोजर या स्काभेटरले काम गर्ने विकास निर्माण सम्बन्धी १ एक योजना समावेश हुनु पर्ने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ जेष्ठ १० गते**